# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं


मिति: २०७५।०९।१५ गते

# प्रेस विज्ञप्ति

## विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

जिल्ला रुपन्देही, साविक सौ-फर्साटिकर गा.वि.स. हाल शुद्धोधन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको प्राविधिक शाखामा कार्यरत इन्जिनियर कपिल अर्याल र सव-इन्जिनियर लक्ष्मण ढुङ्गानाले सेवाग्राहीको पुरानो भवनको नक्सा पास तथा अभिलेखीकरण गरिदिए वापत विभिन्न बहाना बनाई घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिई गएको टोलीले निज इन्जिनियर कपिल अर्याल र सव-इन्जिनियर लक्ष्मण ढुङ्गानालाई रु.८०,०००।-(असी हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा जिल्ला रुपन्देही, शुद्धोधन गाउँपालिका वडा नं. ४ सौ-फर्साटिकरबाट मिति २०७५।९।१३ गते नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता